नेपालको संविधानको धारा २१८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम मिति २०७६।०५।११ गतेको बसेको वीरगंज महानगरपालिका, नगर कार्यपालिका बैठकमा पेश गरिएका देहायका एजेण्डाहरुमा निम्नानुसार निर्णय गरियो ।

<table>
<tr><th>निर्णय नं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td>१.</td><td>आय ठेक्का सम्वन्धमा</td><td>चालु आ.व. २०७६।०७७ का लागि तपसिल अनुसारका आय शिर्षकमा देहाय बमोजिमको न्यूनतम ठेक अंक कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं</th><th>आय शिर्षक</th><th>न्यूनतम ठेक अंक (वार्षिक)</th><th>सूचना अवधि</th></tr>
<tr><td>१</td><td>सवारी व्यवस्थापन सेवा शुल्क</td><td>७,०५,५६,०००.०० (वार्षिक)</td><td>३० दिन</td></tr>
<tr><td>२</td><td>जडिबुटी, कवाडी तथा जीवजन्तु सेवा शुल्क</td><td>३,५५,५६,०००.०० (वार्षिक)</td><td>३० दिन</td></tr>
<tr><td>३</td><td>सवारी पार्किङ्ग शुल्क</td><td>६५,००,०००.०० (वार्षिक)</td><td>१५दिन</td></tr>
<tr><td>४</td><td>बहाल विटौरी (हाटबजार तथा पिठिया कर) शुल्क</td><td>५२,००,०००.०० (वार्षिक)</td><td>१५दिन</td></tr>
</table></td></tr>
<tr><td>२.</td><td>अरुण कुमार अग्रवालको जग्गाको प्रतिवेदन सम्बन्धमा</td><td>यस कार्यालयबाट अरुणकुमार अग्रवालको जग्गा रोक्का राखिएकोमा उक्त जग्गा फुकुवा गर्नका लागि सो जग्गाको बारेमा सत्य तथ्य बुझ्न कार्यपालिकाको मिति २०७६।०२।३० को बैठकको निर्णयबाट गठित समितिले वीरगंज महानगरपालिका साविक वडा नं. १३ हालवडा नं. १० बस्ने नथुमल अग्रवालको नाति श्रीराम अग्रवालको छोरा अरुण कुमार अग्रवाल र ऐ. ऐ. बस्ने प्रेम सुख अग्रवालको नाति हिरालाल अग्रवालको छोरा अरुण कुमार अग्रवाल अलग-अलग व्यक्ति भएकोले निज अरुण कुमार अग्रवालले तत्कालिन नगर पंचायतबाट रजिष्ट्रेशन पास गराई आफनो नाममा जग्गादर्ता गराई घर बनाई भोग चलन समेत गर्दै आई रहेको हुँदा कानूनी सल्लाहकारको राय बमोजिम कि.न. २८५ को ज.वि. ०-१-२.४३ मध्ये ज.वि. ०-०-११.४३ जग्गा फुकुवा गर्नको लागि मिति २०७६।०५।०२ मा सिफारिस सहित प्रतिवेदन पेश गरेकोमा सिफारिस बमोजिमको जग्गा फुकुवा गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३.</td><td>यातायात तथा सवारी व्यवस्थापन सम्वन्धी कार्यविधि सम्वन्धमा</td><td>यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>४.</td><td>विविध</td><td>४.१ छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।<br>वीरगंज महानगरपालिका बजार क्षेत्रका छाडा चौपायाका कारण ट्राफिक व्यवस्थापनमा समस्या तथा सवारी दुर्घटनामा बढोतरी भएको पाइएको तथा जनगुनासो बढेकोले छाडा चौपाया व्यवस्थापनका लागि वीरगंज जितपुर गौशालासँग छलफल र समन्वय गरी छाडा चौपाया व्यवस्थापनको लागी सम्झौता गर्न प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार दिने र उक्त व्यवस्थापन कार्यबाट उठेको राजश्वको पचास प्रतिशत रकम वीरगंज जितपुर गौशालालाई उपलब्ध गराउने निर्णय गरियो ।<br><br>४.२ सार्वजनिक खरिद नियमावली सम्बन्धमा ।<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ उपदफा (२) बमोजिम वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।<br><br>४.३ बसपार्क सम्बन्धमा ।<br>वीरगंज बस टर्मिनल निर्माणकार्यको लागत स्टिमेट तयार भई बोलपत्र आव्हान गर्दा लागत स्टिमेटमा छुट भएका आवश्यक निर्माण कार्यहरुको स्थलगत निरिक्षण गरी लागत स्टिमेट तयार गर्न ई. राकेश साहलाई जिम्मेवारी सुम्पिने र निजले पेश गरेको लागत स्टिमेट बमोजिमको कार्य गराउन आवश्यक बजेट मिल्दो शिर्षकबाट व्यवस्था गरी कार्य गराउने निर्णय गरियो ।<br><br>४.४ रेडिमेड शौचालयमा संचालन सम्बन्धमा ।<br>कार्यालयबाट खरिद भएका रेडिमेड शौचालय वीरगंज महानगरपालिकाको महत्वपूर्ण तथा जनताको बढी चहल पहल भएको ठाउँमा तथा बजार क्षेत्रमा वडा कार्यालयले संचालन र व्यवस्थापनको जिम्मा लिएको ठाउँमा उक्त रेडिमेड शौचालय जडान गर्ने तथा तत् सम्बन्धि जडान कार्यको लागत स्टिमेट तयार गरी जडानकार्य गराउन खानेपानी तथा सरसफाई शाखालाई जिम्मा दिने निर्णय गरियो ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | **४.५ सडक बत्ती व्यवस्थापन सम्बन्धमा ।**<br>यस वीरगंज महानगरपालिका अन्तर्गतका वडाहरुमा विजुलीबत्ती जडानको लागि कार्य नियमित रुपमा संचालन गर्न महानगरपालिकाको विद्युत शाखामा पर्याप्त कर्मचारी नभएकोले उक्तकार्य संचालनका लागि प्रमुख प्रशासकिय अधिकृतले आवश्यक विजुली मिस्त्री र हेल्पर ज्यालादारीमा राखी कार्य गराउने निर्णय गरियो ।<br>**४.६ फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।**<br>फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत प्रस्ताव दाता नियुक्ति भई कार्य संचालन भई रहेकोमा उक्त कार्यलाई अझप्रभावकारी बनाउन यथा सिघ्र ३२ वटै वडा अध्यक्ष सहित सार्वजनिक निजी साझेदारसँग बैठक बस्ने निर्णय गरियो ।<br>**४.७ योग शिक्षा सम्बन्धमा ।**<br>यस वीरगंज महानगरपालिका अन्तर्गत योग शिक्षाको कक्षा संचालन गर्न आवश्यक भएकोले जेलरोड स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको खाली रहेको भवनमा योग शिक्षा संचालनका लागि पंतजली योग समिति वीरगंज पर्सासँग सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।<br>**४.८ लिलाम गर्ने मालसामानको मुल्यांकन सम्बन्धमा ।**<br>यस वीरगंज महानगरपालिकावडा नं. ९ स्थित घण्टाघर उत्तर तर्फ वीरगंज महानगरपालिकाको जग्गामा रहेको पुराना मालसामानहरुको मुल्यांकन गरी लिलाम विक्री गर्न आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ (३) (ख) बमोजिमको समितिलाई क्रियाशिल गराई मुल्यांकनको कार्य अगाडि बढाउन वडा नं. ९ का वडा अध्यक्ष श्री मनोज कलवारलाई जिम्मेवारी दिने निर्णय गरियो । |